**सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन (दोश्रो संशोधन) कार्यविधि, २०८१**

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।०८।१६

प्रस्तावना: सूर्योदय नगरपालिकामा कोशी प्रदेश र सूर्योदय नगरपालिकाको लागत साझेदारीमा बनेको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्रलाई सञ्चालन तथा व्यवस्थापन गर्न बनेको सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि, २०८० लाई अध्ययन गरी थप व्यवस्थित तवरले सञ्चालन गर्न मिति २०८१।०६।२० गते बसेको कोशी प्रदेश स्तरीय बैठकबाट कार्यविधिमा भएका केही व्यवस्थाहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाले सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८१ बनाइ लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८१" हुनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भइ प्रमाणीकरण भए पश्चात् लागु हुनेछ ।

२. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

**(क)** "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि, २०८० लाइ सम्झनु पर्दछ ।

३. **मूल कार्यविधिमा उल्लेख भएको "गेष्ट हाउस" शब्दको सट्टा "अतिथि गृह" राखिएको छ ।**

४. **मूल कार्यविधिमा उल्लेख भएको "अर्थोडक्स चिया" को सट्टा "नेपालमा उत्पादन हुने चिया" राखिएको छ ।**

५. **मूल कार्यविधिको दफा ६ (घ) पछि (ङ) थप गरी सो पश्चात् क्रमश: (च), (छ) .. गरी (ध) सम्म क्रम संख्या मिलान गरिएको छ ।**

**(१)** **"(ङ)** व्यवसायीले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको आयोजनामा सञ्चालन हुने कार्यक्रमहरूको व्यवस्थापनको लागि नगरपालिकाबाट अनुरोध भइ आएमा पहिलो प्राथमिकता दिनु पर्नेछ ।"

६. **दफा ८ (ग) पछि (घ) थप गरी सो पश्चात् क्रमशः (ङ), (च)... गरी (ट) सम्म क्रम संख्या मिलान गरिएको छ ।**

**(१) "(घ) व्यवसायीले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको आयोजनामा सञ्चालन हुने कार्यक्रमहरूको व्यवस्थापनको लागि नगरपालिकाबाट अनुरोध भइ आएमा पहिलो प्राथमिकता दिनु पर्नेछ ।"**

७. **दफा १२ पछि देहायको दफा १३ थप गरिएको छ ।**

**(१) "१३. राजश्व बाँटफाँट सम्बन्धी व्यवस्था:** (१) चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्रबाट प्राप्त भएको राजश्व नगरपालिकाको विभाज्य कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जम्मा भएको रकमको २० प्रतिशत रकम चिया परीक्षण प्रवर्द्धन तथा अनुसन्धान केन्द्रको नियमित मर्मत सम्भार तथा सञ्चालन कार्यको लागि एक छुट्टै कोष खडा गरी जम्मा गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको कोषको सञ्चालन प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कोष संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र संघ/संस्था वा दातृ निकायबाट प्राप्त रकम प्रचलित कानून बमोजिम जम्मा गरिनेछ ।

(५) उपदफा (२) बमोजिमको रकम छुट्ट्याइ बाँकी रहेको रकमबाट ६० प्रतिशत रकम नगरपालिकाको राजश्व खातामा जम्मा गरिनेछ र बाँकी ४० प्रतिशत रकम कोशी प्रदेश सरकारलाई हस्तान्तरण गरिनेछ ।"

८. **मूल कार्यविधिको दफा १३ को उपदफा (१) (घ) पछि (ङ) थप गरिएको छ ।**

(१) कृषि ज्ञान केन्द्र, इलामका प्रमुख - सदस्य

९. **मूल कार्यविधिमा भएको अनुसूची-१ तपसिल बमोजिम संशोधन गरिएको छ ।**

**अनुसूची-१**

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**सूर्योदय नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**भवन/ब्लकमा रहेका विभिन्न कक्षहरूको नामाकरण सम्बन्धी व्यवस्था**

| क्र.सं. | ब्लक | तला | कक्षको नाम | कक्षको प्रयोग | कक्षको प्रयोग सम्वन्धी विस्तृत विवरण |
|---|---|---|---|---|---|
| १ | A | भुँइतला | श्री अन्तु कक्ष | प्रशासनिक कार्य | चिया परीक्षण तथा प्रवर्द्धन भवन सञ्चालन सम्वन्धी सबै प्रशासनिक कार्यहरु सञ्चालन हुने । |
| २ | A | भुँइतला | कोशी टप्पु कक्ष | सूचना केन्द्र | चिया सम्वन्धी विस्तृत जानकारीमूलक सामग्री रडिस्प्ले हुने । |
| ३ | A | पहिलो तला | सिद्धिचरण कक्ष | Tea Showroom | विभिन्न ब्राण्डका चिया र चिया सम्वन्धी अन्य सामग्रीहरु विक्रीका लागि राखिने |
| ४ | A | पहिलो तला | हलेसी कक्ष | Tea Showroom | |
| ५ | B | भुँइतला | चित्रे गुम्बा कक्ष | Tea Tasting | विभिन्न ब्राण्डका चियाहरु टेष्ट हुने |
| ६ | B | पहिलो तला | अर्जुनधारा कक्ष | चिया संग्रहालय | चिया सम्वन्धी ऐतिहासिक र जानकारीमूलक सामग्रीहरुको अवलोकन हुने |
| ७ | C | भुँइतला | | शौचालय | महिला पुरुषको छुट्टाछुट्टै शौचालयको व्यवस्था हुने |
| ८ | C | भुइतला | तीनजुरे कक्ष | भण्डार कक्ष | गेष्ट हाउसलाई चाहिने सामग्रीहरुको भण्डार गर्ने |
| ९ | C | पहिलो तला | जाल्पादेवी कक्ष | Cafeteria | सेमिनार हल, गेष्ट हाउस र अन्य अतिथिहरुको लागि प्रयोग हुने |
| १० | D | भुँइतला | फाल्गुनन्द कक्ष | चिया परीक्षण कक्ष | चियाकोगुणस्तर सम्वन्धीLab Test हुने |
| ११ | D | पहिलो तला | बेतना कक्ष | सेमिनार हल | विभिन्न कार्यक्रमहरु सञ्चालन हुने |
| १२ | E | भुँइतला | टेम्केडाँडा कक्ष | Reception/Lounge | गेष्ट हाउसमा आउने पाहुना स्वागत् |
| १३ | E | भुँइतला | सगरमाथा कक्ष | Guest Room | गेष्ट हाउसमा आउने पाहुना बास |
| १४ | E | पहिलो तला | बुढासुब्बा कक्ष | Guest Room | गेष्ट हाउसमा आउने पाहुना बास |
| १५ | E | दोस्रो तला | मकालु कक्ष | Guest Room | गेष्ट हाउसमा आउने पाहुना बास |